# बागमती प्रदेश सरकार
# स्वास्थ्य मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
# हेटौडा, नेपाल

## चिकित्सक तथा स्वास्थ्यकर्मी लगायतका जनशक्ति करार सेवामा भर्ना गर्ने सम्बन्धि सूचना

प्रकाशित मिति २०८०/०४/२७

बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गतका कार्यालयहरु (स्वास्थ्य निर्देशनालय, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, आयुर्वेद औषधि उत्पादन केन्द्र, प्रादेशिक अस्पतालहरु, स्वास्थ्य कार्यालयहरु, जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्रहरु) मा आ.व. २०८०/०८१ को स्वीकृत अस्थाई दरबन्दीमा रिक्त रहेका चिकित्सक, स्वास्थ्यकर्मी लगायतका अन्य जनशक्तिहरु करार सेवामा २०८१ आषाढ मसान्त सम्मका लागि पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट आबेदन फारम भरि संलग्न गर्नुपर्ने कागजात र राजस्व भौचर सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | बिज्ञापन नं. | पद | तह | सेवा | समुह | उपसमूह | माग संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | १/०८०/८१ | कन्सल्टेण्ट न्यूरोलोजिष्ट | नवौ | स्वास्थ्य | मेडिसिन | न्युरोलोजी | २ |
| २ | २/०८०/८१ | कन्सल्टेण्ट कार्डियोलोजिष्ट | नवौ | स्वास्थ्य | मेडिसिन | कार्डियोलोजी | २ |
| ३ | ३/०८०/८१ | कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाईनोकोलोजिष्ट | नवौ | स्वास्थ्य | अब्स्ट्रेटिक एण्ड गाईनोकोलोजी | | १० |
| ४ | ४/०८०/८१ | कन्सल्टेण्ट जनरल फिजिसियन | नवौ | स्वास्थ्य | मेडिसिन | जनरल मेडिसिन | ७ |
| ५ | ५/०८०/८१ | कन्सल्टेण्ट रेडियोलोजिष्ट | नवौ | स्वास्थ्य | रेडियोलोजी | | २ |
| ६ | ६/०८०/८१ | कन्सल्टेण्ट पेडियाट्रिसियन | नवौ | स्वास्थ्य | पेडीयाट्रिक्स | | १० |
| ७ | ७/०८०/८१ | कन्सल्टेण्ट चेस्ट फिजिसियन | नवौ | स्वास्थ्य | मेडिसिन | चेष्ट डीजिजेज | १ |
| ८ | ८/०८०/८१ | कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट | नवौ | स्वास्थ्य | एनेस्थेसियोलोजि | | ३ |
| ९ | ९/०८०/८१ | कन्सल्टेण्ट जनरल सर्जन | नवौ | स्वास्थ्य | सर्जरी | जनरल सर्जरी | ५ |
| १० | १०/०८०/८१ | कन्सल्टेण्ट अर्थोपेडीक सर्जन | नवौ | स्वास्थ्य | सर्जरी | अर्थोपेडिक सर्जरी | ६ |
| ११ | ११/०८०/८१ | कन्सल्टेण्ट मेडिकल जनरलिष्ट | नवौ | स्वास्थ्य | मेडिकल जनरलिष्ट | | १ |
| १२ | १२/०८०/८१ | कन्सल्टेण्ट आयुर्वेद बिज्ञ | नवौ | स्वास्थ्य | आयुर्वेद | ज. आयुर्बेद | २ |
| १३ | १३/०८०/८१ | मेडिकल अधिकृत | आठौ | स्वास्थ्य | ज.हे.स. | | १८ |
| १४ | १४/०८०/८१ | डेन्टल सर्जन | आठौ | स्वास्थ्य | डेन्टिष्ट्रि | | १ |
| १५ | १५/०८०/८१ | आयुर्वेद चिकित्सक | आठौ | स्वास्थ्य | आयुर्वेद | | २ |
| १६ | १६/०८०/८१ | नर्सिंग अधिकृत | सातौ | स्वास्थ्य | जनरल नर्सिङ | | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७ | १७/०८०/८१ | रेडियोग्राफी टेकनोलोजिष्ट | सातौ | स्वास्थ्य | रेडियोग्राफी | रेडियोग्राफी | २ |
| १८ | १८/०८०/८१ | मेडिकल ल्याब टेक्नोलोजिष्ट | सातौ | स्वास्थ्य | मे.ल्या.टे. | ज.मे.ल्या.टे. | १ |
| १९ | १९/०८०/८१ | फिजियोथेरापिष्ट | सातौ | स्वास्थ्य | फिजियोथेरापि | | १ |
| २० | २०/०८०/८१ | माइक्रोबायोलोजिष्ट | सातौ | स्वास्थ्य | मे.ल्या.टे. | मे. माइक्रोबायो लोजि | ५ |
| २१ | २१/०८०/८१ | जनस्वास्थ्य अधिकृत | सातौ | स्वास्थ्य | हे.ई. | | २ |
| २२ | २२/०८०/८१ | कार्यक्रम अधिकृत | सातौ | स्वास्थ्य | जनरल नर्सिङ | | १ |
| २३ | २३/०८०/८१ | बायोमेडिकल टेक्निसियन | पाँचौ | स्वास्थ्य | बिबिध | बायोमेडिकल इन्जिनियरिङ | ६ |
| २४ | २४/०८०/८१ | मेडिकल रेकर्डर सुपरभाईजर | पाँचौ | स्वास्थ्य | मेडिकल रेकर्ड्स | | २ |
| २५ | २५/०८०/८१ | एनेस्थेटिक सहायक | पाँचौ | स्वास्थ्य | विविध | एनेस्थेसिया | ५ |
| २६ | २६/०८०/८१ | स्टाफ नर्स | पाँचौ | स्वास्थ्य | जनरल नर्सिङ | | १६ |
| २७ | २७/०८०/८१ | रेडियो ग्राफर | पाँचौ | स्वास्थ्य | रेडियोग्राफी | रेडियोग्राफी | २ |
| २८ | २८/०८०/८१ | फार्मेसी सहायक | पाँचौ | स्वास्थ्य | फार्मेसी | | ३ |
| २९ | २९/०८०/८१ | हेल्थ असिस्टेन्ट | पाँचौ | स्वास्थ्य | हे.ई. | | ३ |
| ३० | ३०/०८०/८१ | अप्थाल्मिक असिस्टेन्ट | पाँचौ | स्वास्थ्य | विविध | अप्टिसियन | १ |
| ३१ | ३१/०८०/८१ | ल्याब टेक्निसियन | पाँचौ | स्वास्थ्य | मे.ल्या.टे. | ज.मे.ल्या.टे. | २ |
| ३२ | ३२/०८०/८१ | अकुपंचरिष्ट सहायक | पाँचौ | स्वास्थ्य | - | | ३ |
| ३३ | ३३/०८०/८१ | सहायक कम्प्युटर अपरेटर | चौथो | प्रशासन | विविध | | ५ |
| ३४ | ३४/०८०/८१ | डेन्टल हाईजिनिष्ट | चौथो | स्वास्थ्य | डेन्टिष्ट्रि | | १ |
| ३५ | ३५/०८०/८१ | हेभी सवारी चालक | श्रेणी विहिन | इन्जिनियरिङ्ग | मे.ई. | | १ |
| ३६ | ३६/०८०/८१ | हलुका सवारी चालक | श्रेणी विहिन | इन्जिनियरिङ्ग | मे.ई. | | १ |
| ३७ | ३७/०८०/८१ | सुरक्षा गार्ड | श्रेणी विहिन | प्रशासन | सा.प्र. | | २ |
| ३८ | ३८/०८०/८१ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सा.प्र. | | १ |
| ३९ | ३९/०८०/८१ | स्वीपर (का.स. सरह) | श्रेणी विहिन | प्रशासन | सा.प्र. | | २ |
| **जम्मा** | | | | | | | १४२ |

**छनौटको आधारः** शैक्षिक योग्यता, अन्तरवार्ता, कार्य अनुभव, तालिम र आवस्यकता अनुसार प्रयोगात्मक परिक्षा। सम्बन्धित पद अथवा सेवामा १ बर्ष भन्दा बढी सेवा अवधि भएकालाई मात्र कार्यानुभव वापतको अंक प्रदान गरिनेछ।

**उम्मेदवारको उमेर हद:** सहायक तहको हकमा १८ बर्ष र अधिकृत तहको हकमा २१ बर्ष पुरा भएको।

**उम्मेदवारले काम गर्नुपर्ने कार्यालय:** स्वास्थ्य निर्देशनालय, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, आयुर्वेद औषधि उत्पादन केन्द्र, प्रादेशिक अस्पतालहरु, स्वास्थ्य कार्यालयहरु र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु।

**सेवा सुविधा:** प्रदेश सरकारको प्रचलित नियमानुसार।

**दरखास्त दस्तुर:** नवौं तह रु १५००/-, सातौ/आठौ तह रु १२००/-, पाचौं तह रु ६००/-, सहायक चौथो तह रु ५००/-, सुरक्षा गार्ड/ह.स.चा./कार्यालय सहयोगी वा सो सरहको लागि रु ४००/- ।

**दरखास्त बुझाउने मिति** : बिज्ञापन भएको मितिले १५ दिन भित्र (अन्तिम दिन सार्बजनिक बिदा परेमा सोको भोलिपल्ट सम्म बुझाउन मिल्नेछ) ।

**आबेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु:** (क)नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (ग) सम्बन्धित परिषदमा दर्ता/नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि (घ)कार्य अनुभव र तालिमको प्रमाणपत्रको प्रतिलिपि (ङ) राजस्व भौचर

**दरखास्त दस्तुर:** प्रदेश लेखा नियन्त्रक कार्यालयको राष्ट्रिय बाणिज्य बैंकमा रहेको खाता नं. १०००१००२०००१०००० मा यस निर्देशनालयको कोड नं. ३७००१३२१४३ राजश्व शिर्षक नं. १४२२४ परीक्षा शुल्क शिर्षकमा बुझाई सो को भौचर आबेदन साथ पेश गर्नु पर्नेछ।

**आबेदन फारम:** बागमती प्रदेश स्वास्थ्य निर्देशनालयको वेबसाइट https://hd.bagamati.gov.np/ne/category/forms बाट वा स्वास्थ्य मन्त्रालयको वेबसाइट https://moh.bagamati.gov.np/actsdetail/6/2019/54102150/ डाउनलोड गर्न र सो फारम भरि पेश गर्न सकिनेछ।

**अन्तरबार्ता हुने मिति:** बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयको वेबसाइट र सूचना पाटिमा पछि प्रकाशित गरिनेछ।

**आबेदन बुझाउने स्थान:** बागमती प्रदेश सरकार, स्वास्थ्य निर्देशनालय, हेटौडा र बागमती प्रदेशको १३ वटै स्वास्थ्य कार्यालयहरुमा कार्यालय समय भित्र बुझाउन सकिने छ। रित पुर्वक प्राप्त नभएका दरखस्त उपर कुनै कारवाहि हुने छैन। यसमा लेखिए देखि बाहेक अन्य बिषयहरु छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**न्युनतम शैक्षिक योग्यता:**

१. कन्सल्टेण्ट न्युरोलोजिष्ट: मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरि न्यूरोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

२. कन्सल्टेण्ट कार्डियोलोजिष्ट: मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरि कार्डियोलोजिमा स्नातकोत्तर उपाधि प्राप्त ।

३. कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाईनोकोलोजिष्ट : मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरि अब्स्ट्रेटिक तथा गाइनोकोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

४. कन्सल्टेन्ट जनरल फिजिसियनः मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरि जनरल वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त ।

५. कन्सल्टेण्ट रेडियोलोजिष्टः मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरि रेडियोलोजिमा स्नातकोत्तर उपाधि प्राप्त ।

६. कन्सल्टेण्ट पेडियाट्रिसियनः मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरि पेडियाट्रिकमा स्नातकोत्तर उपाधि प्राप्त ।

७. कन्सल्टेण्ट चेष्ट फिजिसियनः मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.स. वा सो सरहको उपाधि प्राप्त गरि चेष्ट मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त ।

८. कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्टः मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरि एनेस्थेसियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

९. कन्सल्टेण्ट जनरल सर्जनः मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरि जनरल सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।

१०. कन्सल्टेण्ट अर्थोपेडीक सर्जनः मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरि अर्थोपेडीक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।

११. कन्सल्टेण्ट मेडिकल जनरलिष्टः मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरि एम.डी.जी.पी. उपाधि प्राप्त।

१२. कन्सल्टेण्ट आयुर्वेद बिज्ञः मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सा बिषयमा स्नातकोत्तर उपाधि प्राप्त।

१३. मेडिकल अधिकृतः मान्यता शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उपाधि प्राप्त।

१४. डेन्टल सर्जनः मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.डी. एस्सी. वा वि.डी.एस. उपाधि प्राप्त।

१५. आयुर्वेद चिकित्सकः मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सामा स्नातक उपाधि प्राप्त।

१६. नर्सिङ्ग अधिकृतः मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ बिषयमा स्नातक उपाधि प्राप्त।

१७. रेडियोग्राफी टेकनोलोजिष्टः मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी बिषयमा स्नातक उपाधि प्राप्त।

१८. मेडिकल ल्याब टेकनोलोजिष्टःमान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजी बिषयमा स्नातक उपाधि प्राप्त।

१९. फिजियोथेरापिष्टः मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापी बिषयमा स्नातक उपाधि प्राप्त।

२०. माइक्रोबायोलोजिष्टः मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल माइक्रोबायोलोजि बिषयमा स्नातक उपाधि प्राप्त।

२१. जनस्वास्थ्य अधिकृतः मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य बिषयमा स्नातक उपाधि प्राप्त।

२२. कार्यक्रम अधिकृत (नर्सिङ्ग): मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ बिषयमा स्नातक उपाधि प्राप्त।

२३. बायोमेडिकल टेक्निसियनः मान्यता प्राप्त शिक्षण संस्थाबाट आइ.एससि. वा बिज्ञान बिषय लिई बाह्र कक्षा उत्तीर्ण गरी बायोमेडिकल टेक्निसियनमा कम्तिमा एक वर्षको तालीम वा बायोमेडिकल इकुप्मेण्टमा एक बर्षको तालीम वा बायोमेडिकल इंजिनियरिङ्गमा प्रमाणपत्र तह उपाधि प्राप्त |

२४. मेडिकल रेकर्डर सुपरभाईजरः मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित वा तथ्यांक शास्त्रमा स्नातक उपाधि प्राप्त।

२५. एनेस्थेटिक सहायकः मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स, अ.हे.ब. वा अ.न.मि. कोर्ष उत्तीर्ण गरी कम्तिमा तीन महिनाको एनेस्थेसिया सम्बन्धि तालीम प्राप्त।

२६. स्टाफ नर्सः मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग बिषयमा प्रमाणपत्र तह उत्तीर्ण।

२७. रेडियोग्राफरः मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी बिषयमा प्रमाणपत्र तह उत्तीर्ण।

२८. फार्मेसी सहायकः मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी बिषयमा प्रमाणपत्र तह उत्तीर्ण।

२९. हेल्थ असिस्टेन्टः मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण।

३०. अप्थाल्मिक असिस्टेन्टः मान्यता प्राप्त शिक्षण संस्थाबाट अप्टिसियनमा प्रमाणपत्र तह उत्तीर्ण।

३१. ल्याब टेक्निसियनः मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्यावमा प्रमाणपत्र तह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस .सी.एल.उत्तीर्ण गरि ल्याव टेक्निसियनको दुई बर्ष छ महिनाको कोर्ष उत्तीर्ण।

३२. अकुपंचरिष्ट सहायकः मान्यता प्राप्त शिक्षण संस्थाबाट अकुपंचर बिषयमा प्रमाणपत्र तह उत्तीर्ण।

३३. सहायक कम्प्युटर अपरेटरः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी.वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Semi Skilled Man Power को लागि सञ्चालित तीन महिनाको कम्प्युटर तालिम प्राप्त।

३४. डेन्टल हाईजिनिष्टः मान्यता प्राप्त शिक्षण संस्थाबाट डेन्टल हाईजिनिष्ट बिषयमा प्रमाणपत्र तह उत्तीर्ण।

३५. हेभी सवारी चालकः साधारण लेखपढ गर्न जान्ने, हेभी सवारी चालक अनुमति पत्र प्राप्त गरेको।

३६. हलुका सवारी चालकः साधारण लेखपढ गर्न जान्ने, हलुका सवारी चालक अनुमति पत्र प्राप्त गरेको।

३७. सुरक्षा गार्डः साधारण लेखपढ गर्न जान्ने र सम्बन्धित बिषयमा तालिम प्राप्त गरेको।

३८. कार्यालय सहयोगीः साधारण लेखपढ।

३९. स्वीपरः साधारण लेखपढ।

नोटः बिज्ञापनको अन्तिम मितिसम्म स्वास्थ्य मन्त्रालय मातहतका कार्यालयबाट बिज्ञापित पदहरु मध्ये कुनै पद थप भएमा यसै विज्ञापनमा समाबेश गरिनेछ।

थप जानकारीको लागि यस निर्देशनालयको फोन न. ०५७-५२४५१० र ०५७-५२४५१५ वा सम्बन्धित स्वास्थ्य कार्यालयहरुमा सम्पर्क गर्न सकिनेछ।

**निर्देशक**